प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

## साझेदारीमा कृषि औजार कारखाना स्थापना कार्यविधि, २०७६

प्रस्तावना: प्रदेश सरकार, प्रदेश नम्बर तीन को आर्थिक वर्ष २०७६।०७७ को वजेट वक्तव्य को बुँदा नं. ८५ मा सार्वजनिक-निजी-सहकारी साझेदारीमा मकवानपुर जिल्लामा कृषि औजार कारखाना स्थापना कार्यक्रम सुव्यवस्थित ढंगबाट गर्न र कृषि औजार उपकरणहरुको उत्पादनलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय वनाई कृषि यान्त्रीकरण मार्फत बाली उत्पादन लागत कम गर्न मन्त्रालयवाट **"साझेदारीमा कृषि औजार कारखाना स्थापना कार्यविधि, २०७६"** स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"साझेदारीमा कृषि औजार कारखाना स्थापना कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले कृषि औजार कारखाना स्थापनाको लागि अनुदान पाउनका लागि छनौट भएका निजी क्षेत्रलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले निजी क्षेत्रसँगको साझेदारीमा मकवानपुर जिल्लामा कृषि औजार कारखाना स्थापना कार्यक्रम र स्वीकृत वजेट सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **"निजी क्षेत्र"** भन्नाले व्यवसायिक रुपमा कृषि औजार उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भई प्रस्ताव पेश गर्ने कृषि सहकारी, कम्पनी र कृषि फर्म लाई सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"परामर्शदाता"** भन्नाले कानून बमोजिम दर्ता भई साझेदारीमा मकवानपुर जिल्लामा कृषि औजार कारखाना स्थापनाको प्रारम्भिक विस्तृत प्रतिवेदन तयार गर्न मन्त्रालयमा सूचीकृत भएको फर्महरुलाई सम्झनु पर्छ ।

(छ) **"प्रदेश"** भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित मूल्याङ्कन समिति सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) कृषि औजारको उपलब्धता वृद्धि गर्ने,

(ख) कृषि औजारको उत्पादन तथा प्रयोगमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,

(ग) कृषकहरुलाई गुणस्तरीय कृषि औजारको प्रयोगवाट कृषिमा यान्त्रीकरण गर्न प्रोत्साहित गर्ने,

मा. दावा दोर्जे लामा
मन्त्री

(घ) कृषि औजारको आयातलाई न्युनिकरण गर्ने ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) साझेदारीमा कृषि औजार कारखाना स्थापनाको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न मन्त्रालयमा निम्न बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछः

| | |
|---|---|
| प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | संयोजक |
| कानून अधिकृत | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ | सदस्य |
| कृषि इन्जिनियर, मन्त्रालय | सदस्य |
| खरिद ईकाइ प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले आवश्यकताका आधारमा बढीमा ३ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ। मूल्याङ्कनको आधारहरु विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) मा उल्लेख भए बमोजिमको हुनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) प्राविधिकवाट स्थलगत निरीक्षण गराउने,

(ख) सुचांक तयार गरि प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङकन गर्ने,

(ग) मूल्याङ्कन सम्वन्धि आवश्यक अन्य कार्य गर्ने गराउने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, मूल्याङ्कन समितिले आवश्यकता अनुसार गर्नेछ ।कार्यक्रम कार्यान्वयनको चरणमा परामर्शदातावाट पनि तेश्रो पक्ष अनुगमन मूल्याङ्कन गर्न सकिनेछ।

## परिच्छेद- ३

## कार्यक्रम संचालन

६. **कार्यक्रम सञ्चालनः** (१) आ.व. २०७६।७७ मा साझेदारीमा कृषि औजार कारखाना स्थापना कार्यक्रम मकवानपुर जिल्लामा शुरुवात गरी आगामी आ.व. २०७७।७८ मा संचालन हुनेछ ।

(२) साझेदारिमा कृषि औजार कारखाना स्थापना कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन(Detailed Project Report (DPR)) मन्त्रालयवाट परामर्शदाता मार्फत तयार गरिनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(३) परामर्शदाताले तयार गरेको (Detailed Project Report (DPR)) लाई मन्त्रालयले विभिन्न सरोकारवाला तथा विज्ञहरुसँग छलफल गरी आवश्यकता र औचित्यको आधारमा परिमार्जन गर्न सकिनेछ ।

(४) DPR तयार गर्नको लागि परामर्शदाताको Terms of Reference (ToR) मन्त्रालयले तयार गर्नेछ। यसरी DPR तयार गर्दा प्रदेश सरकारको अनुदानबाट स्थापना हुने कृषि औजार कारखानाबाट कृषकहरुले पाउने थप सेवा र सुविधाहरुको बारेमा स्पष्ट उल्लेख गरिनेछ ।

(५) Final DPR तयार भएपछि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा DPR मा व्यवस्था भए बमोजिम तीस दिनको सूचना प्रकाशन गरी निजी क्षेत्रहरुबाट प्रस्ताव माग गर्नेछ। सूचना प्रकाशनको ढाँचा स्वीकृत DPR मा उल्लेख भए बमोजिम हुनेछ।

(६) निजीक्षत्रहरुले प्रस्ताव पेश गर्दा Final DPR मा माग गरिएको विवरणलाई मध्यनजर राख्दै प्राविधिक दृष्टिकोणले उपयुक्तताका आधारमा औचित्यपूर्ण प्रस्ताव पेश गर्नुपर्नेछ । यसरी प्रस्ताव पेश गर्दा मन्त्रालयले तयार गरेको DPR लाई थपघट गरी नयाँ DPR तयार गरी पेश गर्न सक्नेछ । तर यसरी पेश गर्दा मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम भने स्वीकृत DPR भन्दा बढी हुनेछैन ।

(७) मूल्याङ्कन समितिले स्थलगत निरीक्षण तथा निश्चित सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटका लागि सिफारीस गर्नेछ । छनौट भएको अनुदानग्राहीले प्रचलित नियमानुसार सम्झौताको लागि मन्त्रालयमा सम्पर्क गर्नु पर्नेछ।

७. <u>सम्झौता</u>: (१) छनौट भएका अनुदानग्राहीसँग सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई मन्त्रालयले जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने अनुदानग्राहीसँग प्रचलित कानून तथा स्वीकृत DPR मा व्यवस्था भए अनुसार सम्झौता गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने अनुदानग्राहीको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त अनुदानग्राहीलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

(४) प्राप्त अनुदानको रकम दुरुपयोग गरेको पाईएमा अनुदान रकम प्रचलित ऐन, नियम बमोजिम सरकारी बाँकी बक्यौता सरह असुल उपर गरिनेछ।

८. <u>अनुदानग्राहिले पालना गर्नुपर्ने</u>: (१) अनुदानग्राहिले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण निर्माण स्थलमा अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नु पर्नेछ।



मा. दावा दोर्जे लामा
मन्त्री

(२) यस कार्यविधि अनुरुप अनुदानग्राहिले निर्माण कार्यमा ईन्जिनियरिङ्ग निरीक्षण एवम् सम्पन्न कामको मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नु पर्नेछ।

(३) सम्पन्न काम र खर्चको प्रतिवेदन चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्ने छ।

## परिच्छेद-४
## आर्थिक पक्ष

९. **अनुदान रकम र भूक्तानी प्रक्रियाः** (१) अनुदान रकम तथा भूक्तानी प्रक्रिया देहाय अनुसार हुनेछः-

(क) अनुदान रकम स्वीकृत DPR मा उल्लेख भए अनुसार उपलब्ध गराईनेछ । यस मन्त्रालय अन्तर्गत साझेदारीमा कृषि औजार कारखाना स्थापना कार्यक्रमको स्वीकृत DPR मा उल्लेख भएको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित अनुदानग्राहीले अनिवार्य रुपमा जुटाउनु पर्नेछ ।

(ख) अनुदानग्राहीले व्यहोर्ने रकम अन्य कुनै/संघसंस्था/स्थानीय तह/निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ।

(ग) अनुदानग्राहीलाई प्राविधिक प्रतिवेदन सहित कार्यप्रगतिको आधारमा प्रचलित कानून बमोजिम बैंक खाता मार्फत कार्यक्रम अनुदान रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद- ५
## विविध

१०. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

११. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१२. **कारवाहीको व्यवस्थाः** साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ

मा. दावा दोर्जे लामा
मन्त्री